# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## ईशनाथ नगरपालिका
## रौतहट

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

ईशनाथ नगरपालिका

रौतहट

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

ईशनाथ नगरपालिका

रौतहट

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ। यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८१ जेठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

मधेश प्रदेश

मितिः २०८१।२।११

प.सं. २०८०।८१

च.नं. १०४

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू, ईशनाथ नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय,

औरैया, रौतहट।

१. **कैफियत सहितको राय** —हामीले ईशनाथ नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन्।

२.२. लेखापरीक्षणबाट रू.२ करोड ५९ लाख ४९ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभएकोमा बाँकी बेरुजु असुल गर्नुपर्ने रू.२१ लाख ३७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.९२ लाख ८५ हजार, नियमित गर्नुपर्ने रु.२५ लाख ९८ हजार र पेश्की बाँकी रु.१ करोड १९ लाख २९

हजार समेत रु.२ करोड ५९ लाख ४९ हजार रहेको छ । नगरपालिकाको गतवर्ष सम्म रु.८४ करोड २९ लाख ४२ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.७५ करोड ५४ लाख ५८ हजार रहेको छ। नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय प्रतिवेदन तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाह लगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिकाको व्यवस्थापनमा रहेको छ। पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( श्यामप्रसाद भण्डारी )

**नायब महालेखापरीक्षक**

## ईशनाथ नगरपालिका,

## रौतहट

### १. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ४२ | ६१ | २५९४९ | ० | ० | ० | ४२ | ६१ | २५९४९ | २१३७ | २५९८ | ९२८५ | ० | ० | ११८८३ | ११९२९ |

### २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| ईशनाथ नगरपालिका, रौतहट | ८४२९४२ | ० | ११३४३३ | ७२९५०९ | ० | २५९४९ | ७५५४५८ |

### ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं. | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण रकम |
|---|---|---|---|---|
| १ | ०७४ ०७५/(गत विगत वर्षको) | ५५ | दोहोरो बेरुजुको प्रमाण पेश | ५००००० |
| २ | ०७४०७५/ (गत विगत वर्षको) | ५५ | उअध्यक्ष विन्देश्वर साहको नाउँमा रहेको पेश्की .स. फस्र्यौट | ८५५००० |
| ३ | ०७४ ०७५/(गत विगत वर्षको) | ५५ | बिभिन्न ७ जनाको पेश्की फस्र्यौट | १२१४७००० |
| ४ | ०७५०७६/ (गत विगत वर्षको) | २४ | विनियोजन भन्दा बढी खर्च गरेको नियमित भई आएको प्रमाण पेश | १११०६३८८ |
| ५ | ०७५०७६/ (गत विगत वर्षको) | २६ | लगबुक राखेकोको प्रमाण पेश | ५२७८५०० |

| | | | | |
|---|---|---|---|---|
| ६ | ०७५०७६/ (गत विगत वर्षको) | ३४ | सिमा भन्दा बढी सोझै खरीद बढी खर्च गरेकोले नियमित भई आएको प्रमाण पेश | २१३६०१७५ |
| ७ | ०७५०७६/ (गत विगत वर्षको) | ३५ | मुल्य अभिवृद्धि कर संचित कोष दाखिलाको प्रमाण पेश | ७४९८१२ |
| ८ | ०७५०७६/ (गत विगत वर्षको) | ३९ | धरौटीको रकम सम्बन्धि बेरुजु दोहोरो परेकोले फस्यौंट | २५०००० |
| ९ | ०७५०७६/ (गत विगत वर्षको) | ४० | धरौटीको रकम सम्बन्धी बेरुजु  दोहोरो परेकोले फस्यौंट | ३०४८१४६२३. |
| १० | ०७५०७६/ (गत विगत वर्षको) | ६८ | जिन्सी दाखिला सम्बन्धी प्रमाण पेश | २६४६४०३ |
| ११ | ०७५०७६/ (गत विगत वर्षको) | ७० | बाँडफाँड खातामा सापटी लगेको असुल गर्नुपर्ने बेरुजु दोहोरो परेकोले फस्यौंट | ७९१००० |
| १२ | ०७५०७६/ (गत विगत वर्षको) | ७१ | बाँडफाँड खातामा सापटी लगेको असुल गर्नुपर्ने बेरुजु दोहोरो परेकोले फस्यौंट | ५८२३४५ |
| १३ | ०७५०७६/ (गत विगत वर्षको) | ७५ | कार्यक्रमको खर्च प्रमाणित गर्ने श्रेस्ता अध्यावधिक नगरि खर्च लेखेकोको सम्बन्धी प्रमाण पेश | ४४००००० |
| १४ | ०७५०७६/ (गत विगत वर्षको) | ७६ | बिभिन्न ७ जनाको पेश्की फछ्यौंटको प्रमाण पेश | ५६७६८८० |
| १५ | ०७६०७७/ (गत विगत वर्षको) | ६ | अनुदान फिर्ता दाखिलाको प्रमाण पेश | ३८८५०९९४. |
| १६ | ०७६०७७/ (गत विगत वर्षको) | ३२ | बिभिन्न ३ जनाको पेश्की फछ्यौंटको प्रमाण पेश | १९६४८०० |
| १७ | ०७६०७७/ (गत विगत वर्षको) | ४७ | कार्य सम्पन्न प्रतिवेदनको प्रमाण पेश | १२०४०६ |
| १८ | ०७६०७७/ (गत विगत वर्षको) | १०७ | कार्य सम्पन्न प्रतिवेदनको प्रमाण पेश | १६००००० |
| १९ | ०७७०७८/ (गत | १० | बिभिन्न १२ जनाको पेश्की फछ्यौंटको प्रमाण पेश | ५२१२९२५ |

| | | | | |
|---|---|---|---|---|
| | विगत वर्षको) | (१) | | |
| २० | ०७७०७८/ (गत विगत वर्षको) | १६ (४) | थप कर रकम असुल गर्नुपर्नेको प्रमाण पेश | ६०४६३ |
| | | | **गत विगत वर्षको जम्मा** | **८२२३५३६३** |
| १ | ०७८०७९/ (गत वर्षको) | ११ | सर्शत अनुदान फिर्ताको प्रमाण पेश | २६७३२७५८ |
| २ | ०७८०७९/ (गत वर्षको) | १९ | बिभिन्न ४ जनाको पेश्की फछ्र्यौटको प्रमाण पेश | ६००००० |
| ३ | ०७८०७९/ (गत वर्षको) | ४५ | कागजात तथा कार्यसम्पन्न प्रतिवेदनको प्रमाण पेश | १८००००० |
| ४ | ०७८०७९/ (गत वर्षको) | ५२ | खर्च लेख्ने कागजातको प्रमाण पेश | १३९७००९ |
| ५ | ०७८०७९/ (गत वर्षको) | ५२ | खर्च लेख्ने कागजातको प्रमाण पेश | १४९७२५ |
| ६ | ०७८०७९/ (गत वर्षको) | ९३ | बिभिन्न ३ फर्मको कर समायोजन प्रमाण पेश | ४९५००० |
| ७ | ०७८०७९/ (गत वर्षको) | ९६१. | २ जनाको असुल दाखिलाको प्रमाण पेश | २२९०० |
| | | | **गत वर्षको जम्मा** | **३११९७३९२** |
| | | | **गत वर्ष तथा गत विगत वर्षको कूल जम्मा** | **११३४३२७५५** |

# परिचय

१ **कार्यालय परिचय :-** स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ ।

(ख) **लेखापरीक्षणको उद्देश्य** :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) **लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।१९ देखि २०८०।५।२५ सम्म रहेको छ ।

(घ) **लेखापरीक्षण विधि** :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) **लेखापरीक्षणको सीमा** :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन् ।

(च) **आर्थिक कारोबारको स्थिति** :- कार्यालयको जम्मा रु.७२८५८९८१६ को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### २ वित्तीय विवरणको परीक्षण

२.१ **वित्तीय प्रतिवेदन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| **प्राप्ती भुक्तानी हिसाव** | | | | | |
|---|---|---|---|---|---|
| **विवरण** | **यस वर्ष रु.** | | | **गतवर्ष रु.** | |
| | **बजेट** | **आफैले गरेको प्राप्ति/भुक्तानी** | **जम्मा** | **आफैले गरेको प्राप्ति/भुक्तानी** | **जम्मा** |
| **प्राप्ति (क+ख)** | ५५,८५,७७,०२७.०० | ४७,६९,९४,३६६.८७ | ४७,६९,९४,३६६.८७ | ४७,४३,०२,०७८.७३ | ४७,४३,०२,०७८.७३ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | ५५,६३,९९,३२३.०० | ४६,३२,३८,०३५.३९ | ४६,३२,३८,०३५.३९ | ४५,३०,०२,८९६.१६ | ४५,३०,०२,८९६.१६ |
| ११००० कर | १०,९३,१३,०००.०० | ८,३६,२८,९८७.७५ | ८,३६,२८,९८७.७५ | ९,४०,४२,८९६.३६ | ९,४०,४२,८९६.३६ |
| १३००० अनुदान | ३९,४६,२७,३२३.०० | ३७,६३,६१,९४०.३४ | ३७,६३,६१,९४०.३४ | ३५,२३,७२,७८०.०० | ३५,२३,७२,७८०.०० |
| संघीय सरकार | ३७,२२,४६,३२३.०० | ३६,१८,६६,३२३.०० | ३६,१८,६६,३२३.०० | ३३,५९,६२,७८०.०० | ३३,५९,६२,७८०.०० |
| प्रदेश सरकार | २,२३,८१,०००. | १,४४,९५,६१७. | १,४४,९५,६१७. | १,६४,१०,०००. | १,६४,१०,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | ०० | ३४ | ३४ | ०० | .०० |
| १४००० अन्य राजस्व | ४५,२५,०००.०० | २८,०९,९९४.३० | २८,०९,९९४.३० | ५२,७२,९०५.८० | ५२,७२,९०५.८० |
| १५००० विविध प्राप्ति | १८,४०,०००.०० | ४,३७,११३.०० | ४,३७,११३.०० | १३,१४,३१४.०० | १३,१४,३१४.०० |
| ३२००० वित्तीय सम्पत्ति | ४,६०,९४,०००.०० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | २१,७७,७०४.०० | १,३७,५६,३३१.४८ | १,३७,५६,३३१.४८ | २,१२,९९,१८२.५७ | २,१२,९९,१८२.५७ |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० | ० |
| कोषहरु | २१,७७,७०४.०० | २२,३५,२७०.२६ | २२,३५,२७०.२६ | १,०९,१९,४१८.०० | १,०९,१९,४१८.०० |
| धरौटी | ० | १,१५,२१,०६१.२२ | १,१५,२१,०६१.२२ | १,०३,७९,७६४.५७ | १,०३,७९,७६४.५७ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ५५,८५,७७,०२७.०० | ४८,२८,३४,२२८.०३ | ४८,२८,३४,२२८.०३ | ४३,१९,२६,४१९.१० | ४३,१९,२६,४१९.१० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ५५,६३,९९,३२३.०० | ४७,२३,५१,१८५.२५ | ४७,२३,५१,१८५.२५ | ४१,६०,१७,५९३.४५ | ४१,६०,१७,५९३.४५ |
| २१००० पारिश्रमिक / सुविधा | १२,८३,७३,४००.०० | ११,९७,९२,७३५.७५ | ११,९७,९२,७३५.७५ | १०,१५,९१,५१३.९६ | १०,१५,९१,५१३.९६ |

| | | | | | |
|---|---|---|---|---|---|
| २२००० मालसामान तथा सेवाको उपयोग | १३,६०,५३,६००.०० | १०,९३,७५,३४३.५९ | १०,९३,७५,३४३.५९ | १४,४८,९९,८६७.१० | १४,४८,९९,८६७.१० |
| २५००० सहायता (Subsidy) | १४,००,०००.०० | ७,०२,०००.०० | ७,०२,०००.०० | १०,५९,०००.०० | १०,५९,०००.०० |
| २६००० अनुदान | ० | ० | ० | ९६,८७७.०० | ९६,८७७.०० |
| २७००० सामाजिक सुरक्षा | १६,६०,०००.०० | ११,००,०००.०० | ११,००,०००.०० | ४०,६१,८०१.९० | ४०,६१,८०१.९० |
| २८००० अन्य खर्च | ३,१८,२४,०००.०० | २,४४,७२,८५३.७९ | २,४४,७२,८५३.७९ | ३८,६८,०३९.८६ | ३८,६८,०३९.८६ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २५,७०,८८,३२३.०० | २१,६९,०८,२५२.१२ | २१,६९,०८,२५२.१२ | १६,०४,४०,४९३.६३ | १६,०४,४०,४९३.६३ |
| घ. अन्य भूक्तानी | २१,७७,७०४.०० | १,०४,८३,०४२.७८ | १,०४,८३,०४२.७८ | ४३,१९,२६,४१९.१० | ४३,१९,२६,४१९.१० |
| कोषहरु | २१,७७,७०४.०० | १६,३३,१५२.०० | १६,३३,१५२.०० | १,२३,४४,२९०.८० | १,२३,४४,२९०.८० |
| धरौटी | ० | ८८,४९,८९०.७८ | ८८,४९,८९०.७८ | ३५,६४,५३४.८५ | ३५,६४,५३४.८५ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (५८,३९,८६१.१६) | (५८,३९,८६१.१६) | ४,२३,७५,६५९.६३ | ४,२३,७५,६५९.६३ |
| च. गतवर्षको जिम्मेवारी रकम | | ५,१२,९१,८१५.९० | ५,१२,९१,८१५.९० | २,०३,१६,६६८.१३ | २,०३,१६,६६८.१३ |

| | | | | | |
|---|---|---|---|---|---|
| (अ.ल्या) | | | | | |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ४,५४,५१,९५४.७४ | ४,५४,५१,९५४.७४ | ६,२६,९२,३२७.७६ | ६,२६,९२,३२७.७६ |

सैद्धान्तिक बेरुजु

२.२ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१९२८०७१५८.०० सुत्रमा लेखा राखेको छैन्। जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन्। तसर्थ, पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत् हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

| **क्र.सं.** | **आय** | **रकम** | **क्र.सं.** | **व्यय** | **रकम** |
|---|---|---|---|---|---|
| १ | **गत बर्षको जिम्मेवारी** | | १ | **चालु खर्च** | २४५४४२९३३.१९ |
| | सञ्चित कोषको मौजदात | **४५३५७२८५.११** | २ | **पूँजीगत खर्च** | २१६९०८२५२.१२ |
| | | | ३ | | |
| २ | **धरौटी प्राप्ति** | **२३१८५०८८.६८** | ४ | | |
| | गत आ.व.को धरौटी बैङ्क मौज्दात | ११६६४०२७.४६ | ५ | | |
| | यस आ.व.मा प्राप्त धरौटी | ११५२१०६१.२२ | ६ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | **संघिय सरकारबाट प्राप्त** | **३६१८६६३२३** | ७ | | |
| | वित्तीय समानिकरण अनुदान | १२८०२०००० | ८ | अन्य फिर्ता | २८३७२८७.६६ |
| | स;शर्त अनुदान | २०३८४६३२३ | ९ | सामाजिक सुरक्षा खर्च | १९२८०७१५८ |
| | समपुरक अनुदान | ७०००००० | १० | सामाजिक सुरक्षा मौजदात | ० |
| | विशेष अनुदान | २३०००००० | ११ | गैर आवशिय भवन निर्माण | |
| | राजस्व | ८६८७६०९५.०५ | १२ | धरौटी फिर्ता | ८८४९८९०.७८ |
| | राजस्व बाँडफाँड संघीय | ७७६५३३१५.६१ | १३ | धरौटी मौजदात | १४३३५१९७.९० |
| | आन्तरिक राजस्व | ९२२२७७९.४४ | १४ | विविध खर्च | १६३३१५१ |
| ४ | **मधेश प्रदेश सरकार बाट प्राप्त** | **१४४९५६१७.३४** | १५ | | |
| | वित्तीय समानिकरण अनुदान | ८६४५८७५ | १६ | | |
| | सशर्त अनुदान | ५८४९७४२.३४ | १७ | स्थानीय प्रकोप खाता मौज्दात | २४२६५९४.०५ |
| | समपुरक अनुदान | ० | १८ | **संचित कोषमा मौजदात** | **४३३४९३९६.५३** |
| | विषेश अनुदान | ० | १९ | | |
| ५ | **अन्तर सरकारी वित्तिय हस्तान्त्रण बाट प्राप्त** | **१९२८०७१५८** | २० | | |
| | समाजिक सुरक्षा | १९२८०७१५८ | २१ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | **विविध खर्च खाता** | **१५७५३४०** | | | |
| | युनिसेफ नेपाल | ११६९७०४ | | | |
| | सूचना प्रविधि अधिकृत तलब | ४०५६३६ | | | |
| ७ | **अन्य प्राप्ति** | २४२६९५४.०५ | | | |
| | प्रकोप व्यवस्थापन कोष | २४२६९५४.०५ | | | |
| | सडक बोर्ड नेपाल | ० | | | |
| | **जम्मा** | **७२८५८९८६१.२३** | | **जम्मा** | **७२८५८९८६१.२३** |

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

२.३ **बैङ्क हिसाब मिलान विवरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायानुसार छः

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ११०६२० | ११०६२० | ० |
| चालु खर्च खाता | १३१६४६२७.८९ | १२२४४४०८.२१ | ९२०२१९.६८ |
| पुंजीगत खर्च खाता | २०५२२४५९.२२ | २३६५४०७८.९ | -३१३१६१९.६८ |
| विविध खर्च खाता | ५४४५५२ | ४८२४१४.३७ | ६२१३७.६३ |

| | | | |
|---|---|---|---|
| विपद व्यवस्थापन खाता | २४२६९५४.०५ | २४२६९५४.०५ | ० |
| धरौटी | १४३३५१९७.९ | १४३३५१९७.९ | ० |
| ग१.१, आन्तरिक राजस्व खाता | २३३४९५४ | २३३४९५४ | ० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | २०९५९६६ | २०९५९६६ | ० |
| **जम्मा** | **५५५३५३३१.०६** | **५७६८४५९३.४३** | **२१४९२६२.३७** |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.४ **फरक हिसाब–** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु.५७२९४९६.६७, यस वर्षको प्राप्ति रु.१९४५७४१८१.७९, यस वर्षको भुक्तानी रु.१८५६४४४४.७२ र बैङ्क मौज्दात रु.१४६५९२३३.७४ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ५१२९१८१५.९० | ४७६९९४३६६.८७ | ४८२८३४२२८.०३ | ४५४५१९५४.७४ |
| एकीकृत आर्थिक विवरणअनुसार | ५७०२१३१२.५७ | ६७१५६८५४८.६६ | ६६८४७८६७२.७५ | ६०१११९८८.४८ |

| फरक | ५७२९४९६.६७ | १९४५७४१८१.७९ | १८५६४४४४.७२ | १४६५९२३३.७४ |
|---|---|---|---|---|

| | सैद्धान्तिक बेरुजु |
|---|---|

२.५ **फरक जिम्मेवारी** -पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.५९४८८२६६.६२ मौज्दात रहेकोमा यो वर्ष रु.५१२९१८१५.९० जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.८१९६४५०.७२ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ।

| | सैद्धान्तिक बेरुजु |
|---|---|

३ **आन्तरिक नियन्त्रण प्रणालीः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन्। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• महालेखा नियन्त्रक कार्यालयले जारी गरेको आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ अनुसार पालिकाले बजेट खर्चको उपयुक्त शीर्षकमा राखी खर्च नलेखी चालु प्रकृतिका खर्च समेत पूंजिगत शीर्षकमा विनियोजित बजेटबाट गरेको पाइयो,

• नगरपालिकाबाट सञ्चालित केही योजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन,

• नगरपालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन्,

• सञ्चालित योजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ,

• निजामती सेवा ऐन, २०४९ बमोजिम यस नगरपालिकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्य सम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाइएन,

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। तर भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन्,

• नगरपालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख

राखेको छैन,

• संस्थागत विद्यालयहरूको दर्ता तथा नवीकरण शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन,

• आन्तरिक आम्दानीको यथार्थमा आधारित अनुमान गरेको देखिएन,

• पालिकाले आफूसँग भएका सवारी साधनहरुको प्रयोग गर्न सकिने अवस्थामा समेत सवारी साधन तथा अन्य मेशिनरी औजारहरु भाडामा लिएको देखिन्छ र

• पालिकाले आफै गर्न सक्ने सामान्य प्रकृतिका कार्यहरु समेत गैरसरकारी संस्थामार्फत गराएको देखिन्छ।

अतः नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवाप्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४ **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| **केन्द्रीय अनुदानबाट खर्च** | **आन्तरिक आय** | **आन्तरिक आय प्रतिशत** |
|---|---|---|
| ३७६३६१९४०.३४ | ८६४३८९८२ | २३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५ **आय अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.४५२५००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.२८०९९९४.४३ अर्थात अनुमान भन्दा ६२ प्रतिशत मात्र प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक

बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

| | सैद्धान्तिक बेरुजु |
|---|---|

६ **दाखिला गर्न बाँकी राजस्वः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ (२) मा आफ्नो जिम्मेवारीमा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गरेको देखिन नआएमा सम्बन्धित कार्यालय प्रमुख वा विभागिय प्रमुखले दश दिनसम्म ढिला भएममा दाखिला गर्न बाँकी र सो रकमको दश प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिला भएमा दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाउने व्यवस्था रहेको छ। नगरपालिकाका विभिन्नवडाको राजस्व वापत संकलन गरिएको तर सम्बन्धित कर्मचारीहरुले समयमानै दाखिला नगरेकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| **कर्मचारीको नाम** | **दाखिला गर्न बाँकी रकम ब्याज सहित** | **कैफियत** |
|---|---|---|
| वडा सचिव वडा नं. २ | १३२१३२ | |
| वडा सचिव वडा नं. ९ | १२८२६ | |
| मो अतिउल्लाह वडा नं. ८ | २९५२५ | श्रावण देखि कार्तिकसम्मको विवरण पेश नभएको |
| वडा नं. ३ र ४ | | विवरण पेश नभएको |
| शिव पुजन महतो वडा नं. ६ | ७१३९ | श्रावण र भदौको विवरण पेश नभएको |
| पालिका तर्फ | | |
| प्रमोद शाह | ४८४० | |
| उमेश यादव | ११८५१ | |
| विज्ञापन तथा परीक्षा शुल्क | ४१७५ | |

| जम्मा | २०२४८८ | |
|---|---|---|

| | असुल गर्नुपर्ने | २,०२,४८८ |
|---|---|---|

७ **राजस्वको लेखाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ (५) बमोजिम राजस्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तीय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुनेछ। यस नगरपालिकाले अनलाईन राजस्व व्यवस्थापन प्रणाली लागु गरेको भएतापनि वडा कार्यालयहरुमा आंशिक रुपले मात्र लागु गरेको देखिन्छ। आगामी दिनमा अनलाईन राजस्व प्रणाली मार्फत राजस्व व्यवस्थि गर्नुपर्दछ।

| | सैद्धान्तिक बेरुजु |
|---|---|

८ **कर तथा शुल्क असुलीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ५५५०००० | ५६००००० | १०१ |
| घरजग्गा वहाल कर | ५००००० | ९३३३३६ | १८७ |
| व्यवसाय कर | ५०००० | ० | ० |
| वहाल विरौटी शुल्क | ५०००० | ० | ० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

| | सैद्धान्तिक बेरुजु |
|---|---|

९ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम

बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्य सम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | |
| पूँजीगत खर्चतर्फ | २१६९०८२५२.१२ | २७२१३८९९.८४ | ३५४१८७१२.३९ | १५४२७५६३९.८९ | ९३३६०६१८.२१ |
| **प्रतिशत** | **१००** | **१२.५४** | **१६.३२** | **७१.१२** | **४३.०४** |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.२१६९०८२५२.१२ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.२७२१३८९९.८४ (१२.५४ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.३५४१८७१२.३९ (१६.३२ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.१५४२७५६३९.८९ (७१.१२ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु. ९३३६०६१८.२१ ( ४३.०४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| | सैद्धान्तिक बेरुजु |
|---|---|

१० **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छः

| **क्र.सं.** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २०४४९००० | १७३३३९८२.२९ | ८७.७६ |
| २ | पूर्वाधार विकास | १८३७४७३२३ | १५६७०८६२१.७ | ८५.२८ |

| | | | | |
|---|---|---|---|---|
| ३ | सामाजिक विकास | १६४४१०००० | १४६९७७५६६.९१ | ८९.२८ |
| ४ | वित्तीय विकास तथा सुशासन | ९०७५००० | ७२५३२२४ | ७९.९२ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १७८७२८००० | १४४०७७७९०.३५ | ८०.६१ |
| **जम्मा** | | **५५६४०९३२३** | **४७२३५११८५.२५** | **८४.८९** |

सैद्धान्तिक बेरुजु

११ **बजेट सीमा निर्धारण समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **खर्च विश्लेषणः** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.२८०९९९४.३० राजस्व बाँडफाँड र अनुदानबाट रु.४७४१८४३७२.५७ समेत रु.४७६९९४३६६.८७ आम्दानी भएकोमा चालुतर्फ रु.२५५४४२९३३.१३ र पूँजिगततर्फ रु.२१६९०८२५२.१२ समेत रु.४८२८३४२२८.०३ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.५८ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु.१०६१३००० खर्च भएको छ जुन आन्तरिक

आयको ३७८ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५३ प्रतिशत चालु र ४७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१४ **डि.पि.आर. खर्चः** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डी.पी.आर.लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यस स्थानीय तहले यो वर्ष विभिन्न कार्यमा कुल रु.१४६०१४२ बराबरको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन पेश गरेको छ। डी.पी.आर.तयार गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका ७ वटा आयोजनाहरु मध्ये ४ वटा आयोजना मात्र कार्यान्वयनमा गएको छ। डि.पि.आर.को पूर्ण कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१५ **पेश्कीः** आर्थिक कर्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ को उपनियम ४ अनुसार पेश्की लिने व्यक्ती वा संस्थाले काम सम्पन्न भएको १५ दिनभित्र आफूले सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने आवश्यक बिल, भरपाई र कागजातसहितको प्रतिवेदन सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न मितिमा व्यक्ति तथा निर्माण व्यवसायीलाई दिएको पेश्की निर्धारित समयमा फस्यौंट नगरेकोले उक्त पेश्की फस्यौंट गर्नुपर्ने रु.

| **पेश्की लिएको मिति** | **व्यक्ति तथा संस्थाको नाम** | **रकम** |
|---|---|---|
| २०७९।९।१२ | जनता मा वि औरैया | २००००० |
| २०७९।९।१८ | जनता मा वि डुमरिया परोहा | १५०००० |
| २०७९।९।२१ | मा वि मठिया | १५०००० |
| २०७९।९।२२ | वि पि को उ मा वि जोकहा | २००००० |
| २०७९।११।४ | जनता मा वि औरैया | १०६३३५० |
| २०७९।११।४ | मदरसा जामिया तालिमुल कुर्वान लक्ष्मिनिया | १२८५२० |

| | | |
|---|---|---|
| २०७९।११।४ | अलहेरा उर्दु एकेडेमि | ४६८१८० |
| २०७९।११।४ | औसा सिद्धिका मदर्सा पल्टुवा | २२९५०० |
| २०७९।११।४ | क्रान्ति प्रा वि जोकहा | २९५२९० |
| २०७९।११।४ | जनता प्रा वि महुलिया | ३६४१४० |
| २०७९।११।४ | जनता मा वि डुमरिया परोहा | ८४३०३० |
| २०७९।११।४ | जानकी सामुदायिक प्रा वि औरैया | २३५६२० |
| २०७९।११।४ | जामिया महमदुल ओलुम लिलवनात मदर्सा | २७६९३० |
| २०७९।११।४ | तालिम कुरान मदर्सा लौतना | २००४३० |
| २०७९।११।४ | नि मा वि लक्ष्मिनिया जटहरा | ७६१९४० |
| २०७९।११।४ | नि मा वि बन्जहरा | ६१९६५० |
| २०७९।११।४ | प्रा वि मारवाडी टोल | ३५९५५० |
| २०७९।११।४ | प्रा वि मोतिगंज जोकहा | ६२२७१० |
| २०७९।११।४ | महेन्द्र राय यादव प्रा वि लौतना | ३०४४७० |
| २०७९।११।४ | महाविर प्रा वि औरया | ४००८६० |
| २०७९।११।४ | मा वि मठिया | १५२८४७० |
| २०७९।११।४ | रइस प्रा वि मनसरी | २५७०४० |

| | | |
|---|---|---|
| २०७९।११।४ | वि पि को उ मा वि जोकहा | ७२२१६० |
| २०७९।११।४ | शंकर प्रा वि औरैया | २४४८०० |
| २०७९।११।४ | शंकर प्रा वि जटहरा | ६०२८२० |
| २०७९।११।४ | हनुमान प्रा वि औरैया | २२४९१० |
| **व्यक्तिगत** | | |
| २०७९।१०।१५ | चन्द्रेश्वर प्रसाद यादव | ६५००० |
| २०७९।१२।२९ | मो हाजिम आलम | ४००००० |
| २०८०।२।१७ | विश्वनाथ राम | १०००० |
| **जम्मा** | | **११९२९३७०** |

| | |
|---|---|
| पेश्की | १,१९,२९,३७० |

१६ **रिटेन्सन मनी कट्टा नगरी भुक्तानी गरेको:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम ४ मा सार्वजनिक निकायले उपनियम (१) बमोजिम भुक्तानी गर्दा रिटेन्सन मनी वापत रनिङ वा अन्य विल वा बिजकमा उल्लिखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी राख्नुपर्ने व्यवस्था छ। उक्त व्यवस्थाको प्रतिबन्धात्मक वाक्यमा कुनै खास प्रकृतिको कारणले खरिद सम्झौतामा रिटेन्सन मनी कट्टा गर्नुपर्ने व्यवस्था भएमा त्यस्तो रकम कट्टा गर्नु नपर्ने उल्लेख छ। पालिकाले देहायको कम्बल वितरणको बिजक भुक्तानी गर्दा ५% रिटेन्सन मनी कट्टा नगरी भुक्तानी दिएको देखिएकोले खरिदको व्यवस्था अनुसार सम्झौतामा उल्लेख भएको अवस्थामा रिटेन्सन मनि कट्टा नगर्ने अन्यथा रिटेन्सन मनी कट्टा गरी राख्नुपर्दछ।

| गो.भौ.नं. र मिति | कार्यक्रम | फर्मको नाम | बिजक रकम | भ्याट बाहेक | ५% ले कट्टी |
|---|---|---|---|---|---|

| | | | | | हुनुपर्ने रकम |
|---|---|---|---|---|---|
| १६१-२०७९/११/१८ | कम्बल खरिद | केशरी एण्ड सन्स (६०४२५७५७१) | २३,७०,५१४। | २०९७८००। | ११८५२६। |

| | सैद्धान्तिक बेरुजु |
|---|---|

१७ **न्यू इलेक्ट्रोनिक प्लाजाको कार्यसम्पादन जमानतः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) मा नै लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटि कबोल गरेको छ सो को पचास प्रतिशतले हुन आउने रकम कबुल अङ्कको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत वापत दाखिला गर्नुपर्दछ भनी स्पष्ट व्यवस्था गरेको छ। पालिकाले लागत अनुमान रु.२५०००००। को मेशिनरी अजारको खरिदको लागि बोलपत्र आह्वान गरेकोमा प्रति इकाई मूल्यका दरले मूल्याङ्कन गरी घटी दर हुने बोलपत्रदाता न्यू इलेक्ट्रोनिक प्लाजा प्रति इकाई दरको कुल जम्माले हुन आउने रु. १६७७१६८। स्वीकृत भई कार्यसम्पादन जमानत वापत भ्याट बाहेकको रकमको ५% ले हुन आउने रु.७४२११। पेश गरेको छ। प्रति इकाईमा प्रतिष्पर्धा गराईएकाले सम्पूर्ण मालसामानको प्रति इकाईको लागि हुने कार्यसम्पादन जमानत समेत गणना गरी सो बमोजिम कार्यसम्पादन जमानत दाखिला गराउनु पर्ने देखिन्छ।

| | सैद्धान्तिक बेरुजु |
|---|---|

१८ **अन्य निकायको खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(२) क अनुसार स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले आफ्नो कार्यक्षेत्र भन्दा बाहिरको कार्यालय तथा संघ संस्थाको लागि निम्नानुसार रु.२५९८०९ खर्च गरेको छ। नगरपालिकाले यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| **गो.भौ.नं. र मिति** | **निकाय** | **रकम** |
|---|---|---|
| १२९।०७९।१०।१९ | बोर्डर आउटपोष्ट औरैया | १२९४७७ |
| | बार्डर आउटपोष्ट औरैया | २०५३३ |
| | ईलाका प्रहरी कार्यालय राजपुर फरहदवा | १०९७९९ |
| | **जम्मा** | **२५९८०९** |

१९ **वीमाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक दश लाख रुपैया भन्दा बढीको मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले तोकिएको कुराको वीमा गराउनुपर्ने व्यवस्था छ। पालिकाबाट खरिद गरिएका देहायका निर्माण कार्यमा वीमा नगराई कार्य सम्पादन गराएको पाईयो। निर्माणका क्रममा आइपर्ने तेस्रो पक्षीय, निर्माण कार्य तथा उपयोग भइरहेका सामाग्री र मेशिनरी उपकरणका सम्बन्धमा आइपर्ने जोखिम वहन गर्न वीमा नगराई जोखिम वहनमा समस्या तथा विवाद सिर्जना हुन सक्ने देखिन्छ। अतः निर्माण कार्य खरिद गरी कार्य सम्पन्न गराउँदा तोकिए बमोजिम वीमा गराउनुपर्दछ।

| क्र. सं. | निर्माण कार्य | ठेक्का नं. | सम्झौता रकम रु. | सम्झौता मिति | निर्माण व्यवसायी |
|---|---|---|---|---|---|
| १ | जनता मा.वि. देखि लवतानसम्म सडक स्तरोन्नती | NCB/Road/RCC/ 2079-2080-23 | २३,९७,६३९। ८८ | २०८०/०२/ ३० | श्री एम एण्ड बि कन्स्ट्रक्सन, बिरगंज |
| २ | रामउदारको घरदेखि रामजानकी मठसम्म सडक ढलान कार्य वडा – ९। | NCB/Road/PCC/ 2079-2080-8 | २३,८०,८२३। ५० | ११/११/२० ७९ | फेमको ग्रुप प्रा.लि. |
| ३ | वि.पि.को.आ.माङवि. घिउरा भवन निर्माण | NCB/School/Building/2079-2080-11 | ४७,२१,८८५। २४ | ११/२९/२० ७९ | श्री आर्यन कन्स्ट्रक्सन |
| ४ | डुमरियामाई स्थानमा सामुदायिक भवन निर्माण | NCB/Building/Public/2079-080-9 | २३,८९७९०।१ ४ | ११/११/२० ७९ | श्री आदित्य कन्स्ट्रक्सन |
| ५ | जनता मा.वि. डुमरिया, ईशनाथ-९ | NCB/Electronic/School/Bldg/ 2079-2080 | ४३,१०,८६२। ५० | २०७९/११० १६ | श्री आर्यन कन्स्ट्रक्सन |
| ६ | मोतिपुर सडक आरसिसि ढलान | NCB/Electronic/Road/RCC/Gabion/ 2079-2080 | ६५,७४,६८१। | ०१/३१/२० ८० | श्री राम निर्माण सेवा |
| ७ | लक्ष्मिनिया नहर देखि दक्षिण जाने सडक तथा वाल निर्माण | NCB/Road/drain/ 2079-2080-15 | ३७,९६,१५८। ७९ | ०१/२९/२० ८० | श्री साजिया निर्माण सेवा |

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

२० **सडक नाटक (२१९)**: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ को उपदफा (२) मा उपदफा (१) बमोजिमको खरिद सम्झौतामा बोलपत्र सम्बन्धी फाराममा उल्लिखित शर्तहरु समावेश गर्नु पर्नेछ र त्यस्ता शर्तहरु सम्झौताको प्रकृति अनुसार तोकिए बमोजिम हुन सक्नेछनः (थ) सब कन्ट्र्याक्ट गर्न सकिने वा नसकिने अवस्था।गो.भौ. २१९-२०८०/०३/२३ बाट आदर्श समाज कल्याण तथा सेवा केन्द्र लाई बालविवाह तथा दहेज प्रथामा आधारित सडक नाटक वापत रु. ५९५९६५। भुक्तानी गरेकोमा उक्त सेवा केन्द्रले कार्यक्रम संयोजक, व्यानर, खाजा, चिया, फोटोकपि, फोटो, साउण्ड/माइक लगायतका खर्च आफैंले गरी नाटक मण्डली चन्द्र विन्दु विकास नेपाललाई सडक नाटक वापत सब कन्टयाक्टरको व्यवस्था वेगर रु. ४,५२,५६५।५ (मू.अ.कर सहित) भुक्तानी गरेको पाइयो। मूल सम्झौतामा सब कन्ट्र्याक्ट सम्बन्धि स्पस्ट व्यवस्था नगरी अर्कै संस्थाबाट सडक नाटक सञ्चालन गरेको कार्यलाई नियमसम्मत नदेखिएकोले नियमित गर्नुपर्ने रु.

| | | |
|---|---|---|
| | अनियमित भएको | ४,५२,५६५ |

२१ **ठेक्का अभिलेखः** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.नं. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

२२ **धरौटी कट्टी नगरेको (२००-२०८०-३-२१)**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(४) मा सार्वजनिक निकायले उपनियम (१) बमोजिम भुक्तानी गर्दा रिटेन्सन मनी वापत रनिङ्ग वा अन्य विल वा विजकमा उल्लिखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी राख्नुपर्ने व्यवस्था छ। नगरकार्यपालिकाले मनसरी कब्रिस्तानमा माटो पूर्ने कार्य वापत आफिया निर्माण सेवालाई गो.भौ. २००- २०८०/०३/२१ मा भुक्तानी गर्दा बीजक रकम रु.१४२०५२२।०६ (मू.अ.कर सहित) मा रिटेन्सन मनि वापत रु.६२४१२।४८ कट्टी नगरी भुक्तानी गरेको पाईयो। रिटेन्सन मनि कट्टा नगरेको रकम असुल गरी कट्टा गर्नुपर्ने रु.

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ६२,४१२.४८ |

२३ **मेडियाबाट कम्प्युटर तालिम (१८३-२०८०-३-१२)**: सूचना प्रचार प्रसार तथा पत्रपत्रिका प्रकाशन गर्ने मिडियाबाट पत्रपत्रिका छपाई, सूचना प्रकाशन र प्रशारणको कार्य गर्नुपर्दछ। नगरकार्यपालिकाले गो.भौ.१८३-२०८०/०३/१२ बाट तराई मधेश जन आवाज तथा मिडिया प्रा.लि.लाई ४५ दिने कम्प्युटर तालिम सञ्चालन वापत रु. ४९६९००। भुक्तानी गरेको कार्यलाई नियमित मान्न सकिएन। उक्त मेडिया प्रा.लि.ले नगर कार्यपालिकासँग भुक्तानी लिई ईशनाथ ईन्स्टिच्युट ओमकार कम्प्युटर ट्रेनिङ्ग ई.न.पा-२ मा उक्त कार्यक्रम सञ्चालन गराई मेडिया प्रा.लि.को बीजक नं. ०१-२०८०/०२/३२ बाट रु. ४९६९००। भुक्तानी लिएको कार्यलाई नियमित गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ४,९६,९०० |

२४ **असम्बन्धित निकायको खर्च (२२२-२०८०-३-२३):** स्थानीय निकायले सभावाट पारित बजेट तथा कार्यक्रमको अधिनमा रही खर्चमा मितव्ययिता कायम हुने गरी मातहतका वडा कार्यालय, विभिन्न शाखा लगायतका निकायको लागि भएको खर्च भुक्तानी गर्नुपर्दछ। पालिकाले ईलाका प्रहरी कार्यालय रङ्गरोगन कार्य गरेवापत उपभोक्ता समितिलाई भुक्तानी गरेको रु.११६३६७। नियमित मात्र सकिएन। तसर्थ, यसरी असम्बन्धित कार्यालयको लागि गरेको खर्चको भुक्तानीमा नियन्त्रण गर्नु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२५ **वडा कार्यालय खर्चबाट मोबाईल खरिद (२३०-२०८०-३-२४):** प्रदेश कानुनमा निर्धारण गरे देखि बाहेक पदाधिकारी तथा कर्मचारीलाई सुविधा दिन नपाउने व्यवस्था रहेको छ। कार्यालयले ४ नं. वडा कार्यालयको सञ्चालनका लागि आवश्यक सामाग्री खरिद गरेको जनाई गो.भौ.२३०-२०८०/०३/२४ बाट आदर्श दुर्गा इलेक्ट्रोनिक्स, गरुडालाई रु.१,४९,१६०।भुक्तानी गर्दा One plus मोबाइल सेट (रु.६००००), 3 in 1 प्रिन्टर-१ (रु.४२०००) र हाजिर मेशिन १ (रु.३००००) समेत रु.१,३२,०००।मा मू.अ.कर समेत रु.१४९१६०। भुक्तानी गरेको पाईयो। कानुनमा उल्लेख भएदेखि बाहेकको मोवाईल सुविधा वडा कार्यालयका पदाधिकारीलाई उपलब्ध गराएको रकम अनियमित देखिएकोले नियमित गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ६७,८०० |

२६ **ठेक्का व्यवस्था:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा २ देखि ३७ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ। साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ। यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ।

| **क्र.सं.** | **गो.भौ.-मिति** | **योजनाको विवरण** | **ठेक्का नं.** | **बोलपत्र विक्री** | **बोल पत्र दर्ता** | **बोलपत्र दाता** | **लागत अनुमान** | **सम्झौता रकम** | **घटी प्रतिशत** |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २२६- | लक्ष्मिनिया नहर | NCB/Road/Drain/ | ४ | ३ | साजिया | ३८७९१४ | ३७९६१५ | २.१ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०८०/०३/२४ | देखि दक्षिण जाने सडक तथा वाल निर्माण | 2079-80-15 | | | निर्माण सेवा | ५।३८ | ८।७९ | ४ |
| २ | ४८-२०८०/०३/२४ | मोतिपूरमा सडक आर.सि.सि. ढलान वापत | Ishnath/NCB/Electronic/Road/RCC/Gabion/2079-2080 | ८ | ८ | श्री राम निर्माण सेवा | ९०५८९१६।४२ | ७१५४९८९।७६ | ३०.६९ |
| ३ | २०-२०८०/०३/२२ | जनता मा.वि. डुमरिया भवन निर्माण | Ishnath/NCB/Electronic/School/Building/2079-2080 | ४ | ४ | आर्यन कन्स्ट्रक्सन | ६८९६६७०।२९ | ४८७१२७४।४६ | ३७.४९ |
| ४ | १२-२०८०/०१/२६ | बन्जरहा आ.वि.निर्माण | NCB/School/Building/2079-2080-10 | ५ | ३ | आर्यन कन्स्ट्रक्सन | ४८४७८०६।३५ | ४७२०१२८।६५ | २.८४ |
| ५ | २-२०८०/०३/२३ | जनता मा.वि. देखि लवतान सम्म सडक स्तरोन्नती | NCB/Road/RCC/2079-2080/23 | ५ | ३ | एस एण्ड बि कन्स्ट्रक्सन | २४७४३९७।०१ | २३९७६३९।८८ | ३.१ |

| | |
|---|---|
| सैद्धान्तिक बेरुजु | |

२७ **संचार माध्यम मार्फत पशुसेवा तालिम (१९७-२०८०-३-२०):** कार्यक्रम सञ्चालन सम्झौता गर्दा कार्यक्रमको कार्यक्षेत्र मिल्ने संस्था मार्फत् व्यवसायिक तवरले सञ्चालन गर्नुपर्दछ। कार्यालयले विभिन्न सञ्चार संस्था (मेडिया सेन्टर)हरुलाई पटके रुपमा कार्यक्रम सञ्चालन सम्बन्धि सम्झौता गरिदिने गरेको सन्दर्भमा पशु सेवा तालिम कार्यक्रम वापत श्री राजदेवी मिडिया सेन्टर, गौर-४लाई रु.९९४४०। गो.भौ.१९७-२०८०/०३/२० बाट भुक्तानी गरेको पाईयो। पत्रपत्रिका तथा विज्ञापन प्रकाशन तथा प्रशारण र मुद्रणको कार्यमा संलग्न हुनुपर्ने मेडिया सेन्टरलाई असम्बन्धित क्षेत्र पशुसेवा तालिम कार्यक्रम सञ्चालन गर्न दिने परिपाटीलाई आर्थिक अनुशासन र मितव्ययिता बमोजिम मान्न सकिएन। असम्बन्धित क्षेत्रमा कार्यरत संस्थालाई तालिम लगायतका कार्यक्रम सञ्चालनको भुक्तानी दिने प्रवृत्तिमा नियन्त्रण हुनुपर्ने तथा उक्त भुक्तानी नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ९९,४४० |

२८ **विद्यालय भौतिक पूर्वाधार निर्माण:** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार

कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत् सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा प्रेषित निर्देशन अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु.७०९३२६५.७१ लाख निकासा भएको छ। तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन्। तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.

| क्र.सं. | गो.भौ.-मिति | विद्यालयको नाम | निकासा प्रयोजन | निकासा रु. |
|---|---|---|---|---|
| १ | १९-२०८०/०३/१२ | शंकर प्रा.वि लक्ष्मीनिया | २ कोठे भवन | २२५००००.०० |
| २ | | जानकी सामुदायिक प्रा.वि. औरहिया | २ कोठे भवन | २२५००००.०० |
| ३ | | वि.पि.को.आ.मा.वि घिउरा | आइसिटि ल्याव | ६५००००.०० |
| ४ | ४२-२०८०/०३/२४ | मा.वि. जठहरा | २ कोठे भवन | १९४३२६५.७१ |
| **जम्मा** | | | | **७०९३२६५.७१** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७०,९३,२६५.७१ |

२९ **पूर्व निर्धारित क्षतिपूर्ति (२८-२०८०-३-२३):** खरिद सम्झौताको साधारण सम्झौताको शर्त नं. ४७.१ मा निर्धारित समयमा कार्य सम्पादन सम्पन्न नभएमा प्रतिदिन ०.०५% का दरले अन्तिम सम्झौता रकमको अधिकतम १०% सम्म हुने क्षतिपुर्ति रकम असुल गर्नुपर्ने उल्लेख छ। ठेक्का नं. NCB/Building/Public/2079-2080-9 को डुमरियामाई स्थान मन्दिरमा सामुदायिक भवन निर्माण कार्यका लागि श्री आदित्य कन्स्ट्रक्सन सँग रु. २३,८९,७९०।१४ मा २०८०/०२/३० मा कार्य सम्पन्न हुने गरी सम्झौता गरेकोमा २०८०/०३/१२ मा मात्र कार्य सम्पन्न गरी विल जारी गरेको पाइयो। अतः उक्त ढिलो कार्य स्म्पन्न गरेको दिन १३ को हुने पूर्वनिर्धारित क्षतिपूर्ति रकम रु. १५,५३४।०० सम्बन्धित निर्माण व्यवसायी बाट असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,५३४ |

३० **बोलपत्र मुचुल्का:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५९(१) सार्वजनिक निकायको प्रमुखले सार्वजनिक निकायमा दर्ता भएका बोलपत्र वा प्रस्ताव नियम १६ बमोजिमको खरिद अधिकारीको संयोजकत्वमा बोलपत्र वा प्रस्ताव खोल्न कम्तीमा दुईजना सदस्य रहने समिति गठन गरी बोलपत्रदाता वा निजको प्रतिनिधित्वको रोहवरमा पूर्वनिर्धारित समयमा बोलपत्र वा प्रस्ताव खोल्न लगाई मूचुल्का तयार गर्नुपर्ने व्यवस्था छ।नगरपालिकाले

जनता मा.वि. औरहिया देखि लवतान सम्म सडक स्तरोन्नती वापत २०८०/०१/१८ मा प्रकाशित सूचना बमोजिम २०८०/०२/१७ मा वोलपत्र खोल्ने प्रतिनिधिका साथमा नगरपालिकाका नगरप्रमुख र नगर उप-प्रमुख समेतले रोहबरमा हस्ताक्षर गरेको पाइयो। कानुनले दिएको क्षेत्राधिकारका पदाधिकारी तथा प्रतिनिधिबाहेक पालिकाका निर्वाचित नगरप्रमुख र उपप्रमुख समेतका पदाधिकारीहरू बोलपत्र खोल्ने मुचुल्का लगायतका सार्वजनिक खरिद प्रकृयामा सहभागि हुने कार्यलाई कानुन सम्मत मान्न सकिएन। यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३१ **गैरसहकारी संस्थाबाट काम गराएकोः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। साथै, सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य मात्र गैर सहकारी संस्थाबाट गराउन सकिने व्यवस्था छ। नमूना छनौटको रुपमा परीक्षण गर्दा कार्यालयको आफ्नै कर्मचारीबाट हुन सक्ने काम पनि गैर सहकारी संस्था मार्फत गराएको देखिन्छ यसतो कार्यमा कार्यालयले नियन्त्रण गर्नु पर्दछ। केहि उदाहरणहरु देहाय बमोजिमको रहेको पाईन्छः

| **गो.भौ.नं.र मिति** | **कार्यक्रम** | **गैर सहकारी संस्थाको नाम** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ३३-०७९/९/७ | सामुदायिक विधालयको लागि EMI तालिम | जेभियर इन्टिच्यूट | ४५४४६३ |
| १५४-०८०/२/२१ | कृषि स्वास्थ्य सम्बन्धि तालिम | जहरीमाई कृषि सहकारी संस्था लि. | ३००००० |

सैद्धान्तिक बेरुजु

३२ **नर्म्स भन्दा बढी दरले भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष उपभोक्ता समिति मार्फत संचालित योजनाहरु स्वीकृत नर्म्स भन्दा बढी दर र परिमाणको प्रयोग गरी लागत अनुमानको स्वीकृत तथा उपभोक्ता समिति/निर्माण व्यवसायीसँग सम्झौता गरेको छ। यसरी सम्झौताकै दरमा भुक्तानी हुने हुदाँ देहाय बमोजिम रु.४७४३२ बढी भुक्तानी भएको छ। तसर्थ, बढी भुक्तानी भएको रकम सम्बन्धित निर्माण व्यवसायी तथा उपभोक्ता समितिबाट असुल हुनुपर्ने देखिएको रु.

| **गो.भौ.नं.र** | **योजनाको नाम** | **आइटम** | **परिमाण** | **नर्म्स** | **भुक्तानी** | **प्रति** | **बढी** | **उपभोक्ता** |
|---|---|---|---|---|---|---|---|---|

| मिति | | | (घनमिटर) | अनुसार लाग्ने दर | गर्दा प्रयोग भएको दर | इकाई बढी दर | भुक्तानी | समिति/निर्माण व्यवसायीको नाम |
|---|---|---|---|---|---|---|---|---|
| १२२-०८०/१/१५ | वडा नं. ३ भरी डिपकल जडान | Sand Trap Filter | ४२ | ७८१ | १३२० | ५३९ | २२६३८ | वडा नं. ३ भरी डिपकल जडान उ.स. |
| ७२-०७९/११/१६ | वडा नं. ५ भरी डिपकल जडान | Sand Trap Filter | १८ | ७८१ | १३२० | ५३९ | ९७०२ | प्रिया कन्स्ट्रक्सन |
| ९२-०७९/१२/२१ | वडा नं. ९ भरी डिपकल जडान | Sand Trap Filter | २८ | ७८१ | १३२० | ५३९ | १५०९२ | वडा नं. ९ भरी डिपकल जडान उ.स. |
| | **जम्मा** | | | | | | **४७४३२** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४७,४३२ |

३३ **जिन्सी दाखिला PAMS मा नभएको:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा कार्यालयले मिति २०७९/११/०८ देखि मात्र PAMS प्रयोग गरेको पाईयो । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ । अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।
- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन्।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत

तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३४ **ल्याब टेष्टको भुक्तानीः** आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। यस पालिकाको स्रेस्ता नमूना छनौटको रुपमा परीक्षण गर्दा निर्माण कार्यको ल्याब टेष्ट परीक्षणको लागि सबै योजनाहरुलाई रु.१०,००० का दरले दिने गरेकोमा ल्याब टेष्टको रिपोर्ट पेश भएको तर परीक्षणमा भएको खर्चको बिल पेश नगरेकोले दिएको भुक्तानी बराबरको खर्च भए नभएको बारेमा यकिन गर्न सकिएन। उदाहरणको रुपमा देहायका योजनाहरु रहेको देखिन्छ ।

| **गो.भौ.नं. र मिति** | **योजनाको नाम** | **जम्मा भुक्तानी रकम** | **ल्याब टेष्टको लागि भुक्तानी** | **कैफियत** |
|---|---|---|---|---|
| १४४-०८०/२/८ | रईसा र मोजरे आलमको घरदेखि शेख निसारको घरसम्म पि.सि.सि. ढलान-५ | ७७४८२३ | १०००० | ल्याब टेष्टको बिल पेश नभएको |
| १४५-०८०/२/८ | जयनगर टोलमा जहिरको घरदेखि दलित टोल जानेबाटोमा शेखबुधुको घरसम्म नाला मर्मत र ग्राभेल बाटो ढलान | ४८२८८६ | १०००० | ल्याब टेष्टको बिल पेश नभएको |
|  | **जम्मा** | **१२५७७०९** | **२००००** |  |

| सैद्धान्तिक बेरुजु |
|---|

३५ **अनुत्पादक खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) बमोजिम सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्दछ। तर पालिकाले सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गरेको देखिदैन्। केहि उदाहरणहरु देहाय बमोजिमको रहेको देखिन्छ।

| **गो.भौ.नं.र मिति** | **भुक्तानी पाउने व्यक्ति/संस्थाको नाम** | **प्रयोजन** | **रकम** |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १२-०७९/७/३ | माँ दुर्गा ईलेक्ट्रिक पसल | वडा नं. ३ भरी बिजुली बलबति लगाउने काम | २४४५८८.५ |
| ४६-०७९/१०/३ | केशरी एण्ड सन्स प्रा.लि. | वडा नं. ९ भरी बिजुली बलबति लगाउने काम | ३९९०२५ |
| २०-०७९/७/६ | रंजीत शाह र शत्रुधन तिवारी | दुर्गा पुजाको लागि संस्कृतिक कार्यक्रम | १६३५०० |

सैद्धान्तिक बेरुजु

३६ **माटोको पुल निर्माण (२८-२०७९-८-११):** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) बमोजिम सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्दछ। पालिकाले नगरभरी विग्रेको विभिन्न सडक मर्मत शिर्षकबाट लाल बकैंया नदीमा माटोको पुल कोटेशनको माध्यमबाट डि. कन्स्ट्रक्सनबाट मू.अ.कर बाहेक रु. ८,६८,३४० खर्च गरी बनाएको देखिन्छ। गतविगतको वर्ष देखि यसरी नै पालिकाले हरेक वर्ष माटोको पुल बनाउने कार्यको लागि बजेट खर्च गरेको देखिन्छ र वर्षाको सिजनमा बाढीले बगाउने गरेको कार्यालयले जनाएको छ। यसतो कार्यमा नियन्त्रण गरी दुरग्रामी लाभ दिने योजनामा लगानी गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३७ **फरक शिर्षकमा खर्चः** एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुरुप खर्च संकेत प्रयोग गरी खर्च लेख्नु पर्दछ। नमूना छनौटका आधारमा श्रेष्ताको जाँच गर्दा पालिकाले निम्नानुसारका खर्च गर्दा सभाबाट पारित बजेट शिर्षक भन्दा फरक शिर्षकबाट रु.३७८०६४ खर्च गरेको पाइयो। कन्टिन्जेन्सीबाट खर्च गर्दा बजेटको सीमामा खर्च नहुने तथा वित्तीय अनुशासन नहुने हुँदा यस्तो खर्च नियमसम्मत नदेखिएको रु.

| **भौ.न.र मिति** | **खर्च शिर्षक** | **गरेको कार्य** | **भुक्तानी पाउने** | **रकम** |
|---|---|---|---|---|
| ४०-०७९/९/२१ | कृषिको लागि विधुत तार तथा ट्रान्सफर्मर जडान | पोलमा सडक बत्ती जडान | माँ दुर्गा इलेक्ट्रिक पसल | १७८७८६ |
| ४९-०७९/९/२९ | कुम्हार टोलमा बाटो ढलान | सडक बत्ती जडान | केशरी एण्ड सन्स प्रा.लि. | १९९२७८ |
| | **जम्मा** | | | **३७८०६४** |

| | |
|---|---|
| अनियमित भएको | ३,७८,०६४ |

३८ **ह्यान्ड पम्प जडान कार्य (११४-२०८०-१-५):** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) बमोजिम सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित

गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्दछ । तर पालिकाले गत विगत देखि कति वटा ह्यान्ड पाईप वितरण गरेको अभिलेख राखेको देखिएन । त्यसतै, आ.व. २०७९/८० मा ह्यान्ड पाईप जडान भन्ने शिर्षकबाट ईशनाथ नगरपालिका भरी हयान्ड पाईप जडान उ.स. मार्फत् रु. २९,९९,७७८।– को ७७ वटा ह्यान्ड पम्प जडानमा खर्च गरेको देखिन्छ। तसर्थ, पालिकाले यसतो प्रकारको खर्चमा नियन्त्रण गरी आवश्यकता र औचित्यका आधारमा पूँजी सृजनाहुने कार्यमा खर्चले लेख्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३९ **पदाधिकारीहरुको लागि मोबाइल सेट खरिदः** मधेश प्रदेशले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ मा भएको व्यवस्था अनुसारको सेवा सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था छ। तथा कर्मचारीहरुको हकमा कर्मचारीहरुको पाउने सेवा, सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था छ। यस ऐनमा भएको व्यवस्था विपरीत आ.व. २०७९/८० मा यस पालिका सम्पूर्ण पदाधिकारी तथा कार्यालयका कर्मचारीहरको लागि मोबाईल सेट खरिद गरी वितरण गरेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम रहेको छः

| **गो.भौ.नं./मिति** | **खर्च शिर्षक** | **मोबाईल सेट संख्या** | **खर्च रकम** | **मोडेल** | **कैफियत** |
|---|---|---|---|---|---|
| ४२-०७९/९/२२ | मेशिनरी तथा औजार | ३० सेट | ५२८८४० | Infinix Mobile | नगरसभा सदस्य |
| ४१-०७९/९/२२ | मेशिनरी तथा औजार | ८ सेट | ५१४१५० | फरक प्रकारका | |
| ८-०७९/६/१४ | गत आ.व.को भुक्तानी दिन बाँकी | २४ सेट | ७२८४९९ | फरक प्रकारका | नगरप्रमुख, उपप्रमुख, वडाअध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र कार्यपालिका सदस्यको लागि |
| | **जम्मा** | **६२ सेट** | **१७७१४८९** | | |

- नगरप्रमुख, उपप्रमुख सहित ५० जना जन निर्वाचित प्रतिनिधिको लागि १-१ वटा मोबाईल सेट गरी ५० वटा, नगर प्रमुख र उपप्रमुखको निजी सचिवलाई १-१ गरी २ वटा र प्रमुख प्रशासकीय अधिकृत सहित ५ जनालाई १-१ गरी ५ वटा जम्मा मोबाईल सेट वितरण ५७ वटाको भरपाई पेश भएको देखिन्छ । यसरी ५ वटा मोबाईल सेटको वितरण भरपाई पेश भएको छैन् ।

- त्यसतो सुविधा प्राप्त गर्ने पदाधिकारी र कर्मचारी यकिन नगरी सबैलाई वितरण गर्नु नियमसम्मत देखिंदैन। यसर्थ, उक्त मोबाइल बराबर परल मूल्य यकिन गरी देहायबमोजिमको सम्बन्धित पदाधिकारी तथा कर्मचारीहरुबाट असुल हुनुपर्ने रु.

| **क्र.सं.** | **मोबाइल पाउने पदाधिकारी/ कर्मचारीको नाम** | **पद** | **मोबाईलको प्रकार** | **परक मूल्य रकम** |
|---|---|---|---|---|
| | **पदाधिकारीहरु** | | | |
| १ | श्री कौशल्या देवी | नगर प्रमुख | नखुलेको | |
| २ | श्री मो. परवेज | नगर उप प्रमुख | नखुलेको | |
| ३ | श्री बिगु साह बनिया | वडा अध्यक्ष | SM-A235F/DS | ३०००० |
| ४ | श्री धर्मेन्द्र साह | वडा अध्यक्ष | SM-A235F/DS | ३०००० |
| ५ | श्री रामचन्द्र राउत | वडा अध्यक्ष | SM-A235F/DS | ३०००० |
| ६ | श्री शत्रुधन सिंह | वडा अध्यक्ष | SM-A235F/DS | ३०००० |
| ७ | श्री शेख नेसार | वडा अध्यक्ष | SM-A235F/DS | ३०००० |
| ८ | श्री जबिहिरलाल साह | वडा अध्यक्ष | SM-A235F/DS | ३०००० |
| ९ | श्री शेख खलिउल्लाह | वडा अध्यक्ष | SM-A235F/DS | ३०००० |
| १० | श्री शेख खुसबुदिन | वडा अध्यक्ष | SM-A235F/DS | ३०००० |
| ११ | श्री रामबाबु राय यादव | वडा अध्यक्ष | SM-A235F/DS | ३०००० |
| १२ | श्री खुर्सेदा खातुन | कार्यपालिका सदस्य | SM-E225 | २४५०० |
| १३ | श्री कमली देवी | कार्यपालिका सदस्य | SM-E225 | २४५०० |
| १४ | श्री रामकली कनुइन | कार्यपालिका सदस्य | SM-E225 | २४५०० |
| १५ | श्री सुन्दरता देवी | कार्यपालिका सदस्य | SM-E225 | २४५०० |
| १६ | श्री समशुन नेशा | कार्यपालिका सदस्य | SM-E225 | २४५०० |
| १७ | श्री तेजिलाल साह | कार्यपालिका सदस्य | SM-E225 | २४५०० |

| | | | | |
|---|---|---|---|---|
| १८ | श्री उपेन्द्र महरा | कार्यपालिका सदस्य | SM-E225 | २४५०० |
| १९ | श्री लक्ष्मी नारायण राम | कार्यपालिका सदस्य | SM-E225 | २४५०० |
| २० | श्री त्रिभुवन साह | वडा सदस्य | Infinix Mobile | १७६२८ |
| २१ | श्री रमभा देबी | वडा सदस्य | Infinix Mobile | १७६२८ |
| २२ | श्री ज्याउल्लाह शेख | वडा सदस्य | Infinix Mobile | १७६२८ |
| २३ | श्री बिरलाल साह तेली | वडा सदस्य | Infinix Mobile | १७६२८ |
| २४ | श्री शेख सराजुल | वडा सदस्य | Infinix Mobile | १७६२८ |
| २५ | श्री शेख अजिजुर रहमान | वडा सदस्य | Infinix Mobile | १७६२८ |
| २६ | श्री जितनी देवी | वडा सदस्य | Infinix Mobile | १७६२८ |
| २७ | श्री जयबुन नेसा | वडा सदस्य | Infinix Mobile | १७६२८ |
| २८ | श्री हरिहर साह कानु | वडा सदस्य | Infinix Mobile | १७६२८ |
| २९ | श्री राम आधार महतो | वडा सदस्य | Infinix Mobile | १७६२८ |
| ३० | श्री तजमुल खाँ | वडा सदस्य | Infinix Mobile | १७६२८ |
| ३१ | श्री रामएकबाल साह | वडा सदस्य | Infinix Mobile | १७६२८ |
| ३२ | श्री ललिता कुमारी सिंह | वडा सदस्य | Infinix Mobile | १७६२८ |
| ३३ | श्री संझा देवी | वडा सदस्य | Infinix Mobile | १७६२८ |
| ३४ | श्री चन्देश्वर साह तेली | वडा सदस्य | Infinix Mobile | १७६२८ |
| ३५ | श्री नन्दकिशोर गुप्ता | वडा सदस्य | Infinix Mobile | १७६२८ |
| ३६ | श्री सुमित्रा देवी | वडा सदस्य | Infinix Mobile | १७६२८ |
| ३७ | श्री सरस्वती देवी | वडा सदस्य | Infinix Mobile | १७६२८ |
| ३८ | श्री अवध लालसाह कानु | वडा सदस्य | Infinix Mobile | १७६२८ |
| ३९ | श्री सलामुन खातुन | वडा सदस्य | Infinix Mobile | १७६२८ |

| | | | | |
|---|---|---|---|---|
| ४० | श्री कोशिला देवी | वडा सदस्य | Infinix Mobile | १७६२८ |
| ४१ | श्री सन्तोष कुमार साह | वडा सदस्य | Infinix Mobile | १७६२८ |
| ४२ | श्री कयूम अन्सारी | वडा सदस्य | Infinix Mobile | १७६२८ |
| ४३ | श्री पारसनाथ साह कानु | वडा सदस्य | Infinix Mobile | १७६२८ |
| ४४ | श्री मिना कुमारी देवी | वडा सदस्य | Infinix Mobile | १७६२८ |
| ४५ | श्री आशा देवी | वडा सदस्य | Infinix Mobile | १७६२८ |
| ४६ | श्री संजय शर्मा | वडा सदस्य | Infinix Mobile | १७६२८ |
| ४७ | श्री शेख शाह महम्मद | वडा सदस्य | Infinix Mobile | १७६२८ |
| ४८ | श्री सुमन देवी | वडा सदस्य | Infinix Mobile | १७६२८ |
| ४९ | श्री विन्दु देवी | वडा सदस्य | Infinix Mobile | १७६२८ |
| ५० | श्री महेन्द्र साह तुरहा | वडा सदस्य | Infinix Mobile | १७६२८ |
| ५१ | श्री प्रमोद कुमार यादव | नगर प्रमुख निजी सचिव | नखुलेको | |
| ५२ | श्री मो.तबरेज आलम | नगर उप प्रमुख निजी सचिव | नखुलेको | |
| | **कर्मचारीहरु** | | | |
| ५३ | श्री भुदेव झा | प्रमुख प्रशासकिय अधिकृत | SM-A235F/DS | ३०००० |
| ५४ | श्री रविन्द्र कुमार झा | अधिकृत सातौं | नखुलेको | |
| ५५ | बिरज कुमार मिश्र | इन्जिनियर | One plus | ५२००० |
| ५६ | मुकेश प्रसाद साह | अ.स.ई | One plus | ५२००० |
| ५७ | इसराजुल खाँ | अ.हे.ब. छौठो | Redmi 6/128 | ५६५०० |
| ५८ | रन्जित पटेल | ट्याक्टर ड्राइभर | One plus | ५२००० |
| ५९ | प्रमोद कुमार साह | स.ले.प. | नखुलेको | |
| ६० | श्री राजेश साह | ड्राईभर | नखुलेको | |

| | | | | |
|---|---|---|---|---|
| ६१ | मोहन प्रसाद यादव | ड्राईभर | नखुलेको | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,७१,४८९ |

४० **सामाजिक सुरक्षातर्फ**

४०.१ **अनुगमनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ को उपदफा ३ मा नगरप्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले सामाजिक सुरक्षा भत्ता वितरणको अनुगमन तथा निरीक्षण गर्नुपर्ने व्यवस्था छ। नगरपालिकालाई को.ले.नि.का.बाट यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता वापत रु.१९२८०७१५८ निकासा प्राप्त भई वितरण गर्दा वितरणको अनुगमन तथा निरीक्षण गरेको पाइएन। यसरी अनुगमन तथा निरीक्षण नहुँदा भत्ता वितरणमा अनियमितता ढिलासुस्ति हुने हुँदा कार्यालयले अनुगमन निरीक्षणलाई प्रभावकारी बानाउनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४०.२ **बाँकी सामाजिक सुरक्षा भत्ता फिर्ताः** सामाजिक सुरक्षा भत्ता कार्यविधि, २०७७ को दफा २६ बमोजिम सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोष दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले वितरण गरेर बाँकी भएको रकम रु.१०४८१६५ संघीय संचित कोष फिर्ता गरेको देखिन्छ। वितरण गरेर बाँकी भएको र फिर्ता भएको बैङ्कले उपलब्ध गराएको विवरणमा मात्र आधारित भएको जसले वास्तविक बाँकी रकमको बारेमा स्पष्ट हुन नसकीने हुँदा कार्यालयले वितरण गरी बाँकी भएको रकमको बारेमा पर्याप्त ध्यान दिनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४१ **शिक्षातर्फः** शिक्षातर्फ देखिएका व्यहोराहरु देहाय बमोजिम छन ।

४१.१ **दिवा खाजाः** कार्यक्रम कार्यन्वयन पुस्तिका, २०७९।८० ले EMIS प्रविष्ट तथ्याङ्कलाइ सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्ङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरि सोका आधारमा विद्यालयहरुलाई वाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु. १५ का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ। पालिकाले दिवा खाजा वापत २२ वटा विद्यालयहरुको लागि विभिन्न भौ.नं.बाट पेश्कीको रुपमा रु.२६८५८०१० अनुदान दिएको देखिन्छ। विद्यालयले १६२ दिनको लागि अनुदान दिएको भएतापनि विद्यालय कति दिन सचालन भयो र कति विद्यार्थी उपस्थित भए/दिवा खाजा प्राप्त गरे भन्ने तथ्याङ्क लेखापरीक्षणको

क्रममा प्राप्त भएन। दिवा खाजा कार्यक्रमको अनुगमन गर्नुका साथै खर्च प्रमाणहरु प्राप्त गरी अभिलेख राख्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४१.२ **बढी तलब निकासाः** पालिकाले पालिकाभित्र रहेको विद्यालयहरुमा कार्यरत शिक्षकहरुको तलब निकासा गर्दा शिक्षकको नियुक्ति मितिदेखिको र अवकाश भए अवकाश भएको मितिसम्मको मात्र तलब दिनुपर्नेमा भौ.न. २०८०।१।४ को ५५ बाट वि.पि.मा.वि. जोकाहाको २०७९ मार्ग महिनाको तलव निकासा रु.२२८५१५ माग गरिएकोमा रु.२४९०६० निकास भएकोले बढी निकासा रकम असुल गरी संघीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,५४५ |

४१.३ **कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानः** कार्यक्रम कार्यन्वयन पुस्तिका, २०७९।८० को कार्यक्रम नं. २.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण तथा कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान तोकिए बमोजिम दिने व्यवस्था छ। जस अनुसार पुस्तकालय व्यवस्थापन विज्ञान प्रयोगशाला तथा नमूना विद्यालयका लागि निम्नानुसारका विद्यालयसँग सम्झौता गरी अनुदान निकासा दिएकोमा समझौता बमोजिम कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाइएन। अतः सम्बन्धित विद्यालयबाट कार्य सम्पन्न प्रतिवेदन लिई पेश गर्नुपर्ने रु.

| **विद्यालयको नाम** | **वापत** | **रकम** |
|---|---|---|
| मा. वि . औरंया | विज्ञान प्रयोगशाला र नमूना विद्यालय | ७५०००० |
| मा. वि . जोकाहा घिउरा | नमूना विद्यालय | १००००० |
| मा. वि . मठिया | पुस्तकालय | ६५०००० |
| जम्मा | | १५००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,००,००० |

४१.४ **शिक्षकको तलवः** कार्यक्रम कार्यन्वयन पुस्तिका, २०७९।८० को २(२.१) अनसार स्थानीय तहले कार्यरत शिक्षकको तलव भता निर्धारण गर्दा “शिक्षक दरवन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६” अनुसार दरवन्दी मिलान/व्यवस्थापन/अद्यावधिक गरी कायम भएको शिक्षकको शिक्षक किताबखानाबाट तलवी प्रतिवेदन पारित गरि सो को आधारमा विद्यालयबाट प्राप्त माग फारमबिच भिडान गराइ मात्र अनुदान निकासा दिनुपर्ने व्यवस्था छ। तर पालिकाले दरवन्दी मिलान नगरि मा.वि.र आ.वि. शिक्षकहरुमा वर्षभरिमा कुल रु.५०५९८२५८ अनुदान

निकासा दिइएको रकम वास्तविक हो भनी यकिन गर्न सकिएन।

| सैद्धान्तिक बेरुजु |
|---|

४१.५ **छात्रवृति रकमः** कार्यक्रम कार्यन्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. ७२१११ अनुसार सार्वजनिक विद्यालयमा अध्यनरत दलित छात्र छात्राबृति लगायतका रकम बिद्यालयगत विद्ययार्थी लगतको आधारमा स्थानीय तहले विद्यालयको खातामा निकासा दिने र विद्यालयहरुले नामनामेसी र भर्पाइ बनाई वितरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष छात्रवृतिको वितरणको लागि २२ बिद्यालयलाई कक्षा १ देखि ८ सम्मको रु.१७८५२०० निकासा दिएको छ। प्रति विद्यार्थी रु.४०० का दरले वितरण गर्नुपर्ने छात्रवृति विद्यालयले वितरण गरे नगरेको सम्बन्धमा पालिकाले विद्यालयहरुसँग प्रमाण कागज माग गरिएको देखिएन। अतः पालिकाले विद्यालयलाई निकासा दिएको रकमको प्रमाण कागज माग गरी पेश गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

४१.६ **फरक शिर्षकमा खर्चः** कार्यक्रम कार्यन्वयन पुस्तिका, २०७९।८० को १.३(क) अनुसार एक बजेट उपशिर्षकमा विनियोजन भएको रकम अर्को उपशिर्षकमा खर्च नगर्ने व्यवस्था गरिएको छ। त्यसतै यसै पुस्तिकाको कार्यक्रम नं. २.८.१५ अनुसार कक्षा ८ को परीक्षा सञ्चालनका लागि विद्यायर्थीबाट कुनै शुल्क नलिने गरी शसर्त बजेटबाट गरिने उल्लेख छ। तर पालिकाले कक्षा ८ लगायत सम्पूर्ण कक्षाको परिक्षा सञ्चालनको लागि उतरपुस्तिका तथा प्रश्नपत्र छपाइ कार्य वापत निम्नानुसारको शिर्षकबाट खर्च गरिएको रकम नियम विपरीत देखिएको रु.

| **क्र.सं.** | **कार्य विवरण** | **खर्च गरेको शिर्षक** | **खर्च गर्नुपर्ने शिर्षक** | **खर्च रकम** |
|---|---|---|---|---|
| १ | उतर पुस्तिका र प्रश्नपत्र | सस्थागत क्षमता विकास,परीक्षा सञ्चालन एवम् विद्यार्थी मुल्याङ्कन | आन्तरिक आय | ३९५००० |
| २ | उतर पुस्तिका र प्रश्नपत्र | सस्थागत क्षमता विकास,परीक्षा सञ्चालन एवम् विद्यार्थी मुल्याङ्कन | आन्तरिक आय | १४३००० |
| ३ | उतर पुस्तिका र प्रश्नपत्र | सस्थागत क्षमता विकास,परीक्षा सञ्चालन एवम् विद्यार्थी मुल्याङ्कन | आन्तरिक आय | ७०००० |
| ४ | उतर पुस्तिका र प्रश्नपत्र | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | आन्तरिक आय | ३९१२९१ |

| | | | | |
|---|---|---|---|---|
| ५ | सुचना प्रकाशन | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | आन्तरिक आय | १०३७३४ |
| **जम्मा** | | | | **११०३०२५** |

| | |
|---|---|
| अनियमित भएको | ११,०३,०५० |

४१.७ **शैक्षिक सिकाइ सामग्रीः** कार्यक्रम कार्यन्वयन पुस्तिका, २०७९।८० को कार्यक्रम नं.२.७.१३.५० मा विद्यालयमा शैक्षिक सिकाइ सामग्री व्यवस्थापनका लागि अनुदान रकम शिर्षक नं. २(१) मा उल्लेख भए बमोजिम IMEIS प्रतिवेदनमा उल्लेखित विद्यार्थी सङ्ख्याको आधारमा एकमुष्ट दिने व्यवस्था छ। यसरी अनुदान रकमबाट खरिद गरिएका सिकाइ सामाग्रीहरुको प्रधानाध्याकले प्रमाणित गरि अभिलेख राख्ने व्यवस्था गर्ने र यसको प्रभावकारी रुपमा प्रयोगको लागि स्थानीय तहले नियमित अनुगमन निरिक्षण गर्ने उल्लेख छ। यस कार्यको लागि यस वर्ष विद्यालयहरुलाइ रु.१८१८०००। निकासा गरिएकोमा उक्त रकमबाट के कति सामाग्री खरिद भयो भएन यस सम्बन्धमा पालिकाले अनुगमन प्रतिवेदन पेश नगरेकोले प्रतिवेदन पेश गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४१.८ **स्यानटरी प्याडः** स्यानटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानटरि प्याड गुणस्तरमा कमि नआउने गरि भण्डार गर्नुपर्ने व्यवस्था छ। साथै दफा ५ मा स्यानटरी प्याड त्रैमासिक चौमासिक वा अर्ध वार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। सामुदायिक विद्यालयमा कक्षा ६ भन्दा माथिका छात्राहरु ३००० जना रहेका छन्। पालिकाले यस वर्ष केशरी एण्ड सन्स प्रा.लि.बाट रु.१७७८१८२ को १७३१९ थान स्यानिटरी प्याड र डिस्ट्रोएर मेशिन खरिद गरेको छ। पालिकामा भएका विद्यालयहरुमा कति आवशयक हो माग सकँलन गरेको देखिएन। वितरण भएको प्याड विद्यालयले प्रयोगमा ल्याएको छ छैन् सम्बन्धित शाखाबाट अनुगमन भएको देखिएन। अतः पालिकाले आवशयक्ताको पहिचान गरि आवशयक परिमाणमा मात्र प्याड खरिद गरि समयमा नै वितरण मार्फत प्रयोगको सुनिशचितामा ध्यान दिनु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४१.९ **पाठ्यपुस्तक अनुदानः** कार्यक्रम कार्यक्रम पुस्तिका, २०७९।८० अनुसार IEMIS प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या एकीन गरी सो संख्यका आधारमा दोस्रो चौमासिक भित्र विद्यालयहरुलाई पहिलो पटक विद्यार्थी सङख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र २०८० वैशाखबाट सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा एकीन गरी नपुग रकम मात्र थप अनुदान दिने तथा विद्यालयले समयमा पाठ्यपुस्तक खरिद नगरेमा अनुदान रकम अन्य शीर्षकमा खर्च गरेमा र अनुमति प्राप्त नगरेको संस्थाबाट छपाई भएको पाठ्यपुस्तक खरिद गरेमा कानुन बमोजिम कारबाही हुने व्यवस्था छ। नगरपालिकाले आर्थिक वर्षको अन्तमा २०८० बैशाखको

भर्ना विद्यार्थी संख्या, पाठ्यपुस्तक खरिद र वितरण गरेको भरपाई तथा सम्बन्धित विद्यालयबाट कक्षागत र विषयगत विद्यार्थीहरुको यथार्थ तथ्यांक र IEMIS तथ्यांकको सत्यापन नगराई विद्यालयबाट प्राप्त भएको विद्यार्थी संख्याको आधारमा गो.भौ.नं.६६,०७८।२।२५ बाट कक्षागत बिद्यार्थीको बिबरण नलिई IEMIS बिबरणको आधारमा निकासा रु.५५१०६४२ अनुदान उपलब्ध गराएको देखियो। बिद्यालयको खर्च पुष्टी गर्न विद्यालयबाट शैक्षिक सत्र २०८० को यथार्थ विद्यार्थी विवरण तथा विल भरपाई, IEMIS तथ्यांक बीच सत्यापन गराएको प्रमाण तथा पाठ्यपुस्तक खरिद विल, वितरण भरपाई पेश हुनुपर्दछ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

४२ **केरा पकेट कार्यक्रमः** गो.भौ.नं.१२३, ०८०।३।२२, मा केरा पकेट कार्यक्रम अन्तर्गत जहरीमाई कृषक सहकारी सँस्थालाई उक्त अनुदान रकम उपलब्ध गराएको रकमको बिल भर्पाइमा केरा बृक्षारोपण कार्यक्रम रहेकोमा सो नगरी पपिता तथा सोहिजन को बेर्ना प्रति गोटा रु.५० का दरले ३०० वटा बिरुवा खरिदको बिल पेश गरेकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | १५,००० |

४३ **उन्नत विउ वितरणः** उन्नत विउमा कृषक हरुलाई अनुदान कार्यको सञ्चालन प्रक्रिया, २०७७ बमोजिम बिउ आपूर्तिकर्ताको छनौट गर्दा सार्वजनिक खरिद ऐन र नियमावलीको परिधि भित्र रहि छनौट गर्नुपर्ने व्यवस्था छ । साथै आपुर्तिकर्तासँग सम्झौता गर्दा बिउको परिमाण न्युनतम मुल्य बिउको गुणस्तर अँकुरण क्षमता नेपाल सरकारले सिफारिस गरेको जात डेलिभरि समय र स्थान आदि बिषयलाइ समेटनु पर्ने व्यवस्था छ। यस आ.व. मा धानको बिउ वितरण कार्य रु.१०२०००० र किसानको लागत सहभागिता ५० प्रतिशत समेत गरि रु.२०४०००० को खरिद गर्दा मनोज बिज भण्डारको मिति २०८०।२।१८ को बि.न. ५२० बाट रु.९२०००० को सोझै खरिद गरेको पाइयो भने किसानले ब्यहोर्नुपर्ने रकम भर्पाइ पेश गरेको पाइयो। साथै गुणस्तर र अकुरण झमता सम्बन्धी कुनै पनि किसिमको कागजात पेश गरेको पाइएन।अत पालिकाबाट बितरण गरिने बिउ बिजनको कृषकको लागत सहभागिता रकम सुनिशचित गरि लागत अनुमान तयार गरि खरिद ऐनको पालन र बितरणको स्पष्ट मापदण्ड तय गरि दोहोरो नपर्ने गरि वितरण गर्नुपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

४४ **फरक शीर्षकबाट खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ अनुसार सरकारी रकम खर्च गर्दा सम्बन्धित खर्च शीर्षकबाट गर्नु पर्दछ भनि उल्लेख छ। पालिकाले देहायको खर्च लेख्दा सम्बन्धित शीर्षकबाट नभई फरक खर्च शीर्षकबाट खर्च लेख्ने गरेको पाइयो। उदाहरणका लागि देहायका गो.भौ.नं. बाट रु.६०३६३। फरक शीर्षकबाट भुक्तानी दिएको अनियमित भएको देखियो। फरक शीर्षकबाट असम्बन्धित शीर्षकको भुक्तानी गर्ने अनियमित कार्यको नियन्त्रण हुनुपर्दछ।

| **गो.भौ.नं. र मिति** | **खर्चको विवरण** | **भुक्तानी भएको खर्च शीर्षक** | **अनियमित रकम** |
|---|---|---|---|
| २३९-२०८०/०३/०१ | विविध खर्च | भ्रमण खर्च | ५०४१५। |

| | | | |
|---|---|---|---|
| २४४-२०८०/०३/१० | मसलन्द | पानी तथा बिजुली खर्च शीर्षक | ४९४८। |
| २५९-२०८०/०३/२० | सुत्केरी स्याहार भत्ता | विविध खर्च | ५०००। |

| | |
|---|---|
| सैद्धान्तिक बेरुजु | |

४५ **नामनामेसी नखुलेको धरौटीः** मनामेसी नखुलेको रकमको धरौटी फिर्ता भनि देहायको धरौटी रकम फिर्ता गरेकोमा ती उ.स.हरुले चेक बुझिलिई भरपाई गरेको चेक रकमलाई धरौटी अभिलेख खातामा छुट्टाछुट्टै भिडाउँदा सो रकमहरु नभेटिएको र गत आ.व.को जिम्मेवारी सारेको भौचरमा समेत उक्त रकमहरु नभिडेको हुँदा सो धरौटी रकमहरु आम्दानी बाँधिए नबाँधिएको एकिन हुन सकेन। तसर्थ, सम्बन्धित उपभोक्ता समितिका नाममा विगतमा धरौटी बाँकी रहेको प्रमाण पेश हुनुपर्ने रु.

| **गो.भौ.-मिति** | **रकम** | **कैफियत** |
|---|---|---|
| १३-२०७९/१२/२२ | ५८१२२४ | १२ वटा उ.स.लाई फिर्ता |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,८१,२२४ |

४६ **छुट ग्रेड भूक्तानी (१५०-२०७९-११-४):** पालिकाले सहायक स्तर चौथो श्री उमेश प्रसाद यादवलाई आ.व. २०७४ श्रावण देखी २०७९ असाढ सम्मको छुट ग्रेड कुल रु ११४८२५। मध्ये पारिश्रमिक कर रु.४५००। कट्टा गरी बाँकी हुन आउने रु.११०३२५। भुक्तानी लेखेकोमा पालिकाको विगत देखिको तलबी प्रतिवेदन पारित नभएको र त्यति लामो अवधि देखि ग्रेड रकम छुट हुनुको कारण समेत एकिन नभएकोले सो को स्पष्ट प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१०,३२५ |

४७ **स्वास्थ्यतर्फ**

४७.१ **छुट करः** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु.२२५० अग्रिम कर कट्टी नगरेको एवं घटी कट्टी गरेकोले उक्त रकम असुल हुनुपर्ने रु.

| **गो भौ.नं. र मिति** | **कार्यक्रमको नाम** | **भुक्तानीकर्ताको नाम** | **भुक्तानी रकम** | **छुट कर रकम** |
|---|---|---|---|---|
| १६२ ३।२७ | विशव औलो | मधुरेन्द्र कु सिन्हा | ५००० | ७५० |
| १६५ ३।२७ | RCCE | मधुरेन्द्र कु सिन्हा | १०००० | १५०० |
| | | | | २२५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,२५० |

४७.२ **औषधि खरिद–** पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधि वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लिखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले रौतहट मेडिसिन सेन्टरसँग शशर्त बजेट उप शिर्षकबाट रु.२०९४३९२ को औषधि खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधि तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४७.३ **तलबी प्रतिवेदन पास नगरेको:** नेपाल स्वास्थ सेवा ऐन, २०५३ को दफा ८ को उपदफा ५ मा मन्त्रालय, विभाग, केन्द्र तथा उपत्यकाभित्र रहेका कार्यालयमा कार्यरत कर्मचारीको हकमा निजामती किताबखाना र जिल्लास्थित कार्यालयका कर्मचारीको हकमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पास नगराई तलब खुवाउन नहुने व्यवस्था छ। नगरपालिकाले स्वास्थ सेवा तर्फका कर्मचारीलाई तलबी प्रतिवेदन पास नगराई वर्षभरिमा रु.२६७९४०००। तलब भुक्तानी गरेकोमा तलव,भत्ता एवंम ग्रेड रकम यकिन गर्न सकिएन। कार्यालयले तलबी प्रतिवेदन पास गरी तलब भुक्तानी गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान: ईशनाथ नगरपालिका, औरैया, रौतहट ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | भुदेव झा | २०७९-४-१६ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | खिम बहादुर भुजेल | २०७८-८-२० | २०७९-४-१५ |
| लेखा प्रमुख | मनाेज कुमार ठाकुर | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,१३७,१५०.४८ | २,५९७,८१९ | ९,२८४,८१४.७१ | ० | ० | ११,९२९,३७० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २५,९४९,१५४.१९ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २५,९४९,१५४.१९ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ५१२९१८१५.९ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३६१८६६३२३ | **चालु खर्च** | २५५४४२९३३.१३ |
| **प्रदेश सरकारबाट अनुदान** | १४४९५६१७.३४ | **पूँजीगत खर्च** | २१६९०८२५२.१२ |
| **राजश्व बाँडफाँट** | ८३६२८९८६.७५ | **वित्तीय/अन्य व्यवस्था** | १०४८३०४१.७८ |
| **आन्तरिक आय** | ३२४७१०७.३ | | |
| **अन्य आय** | १३७५६३३१.४८ | | |

| | | | |
|---|---|---|---|
| **कुल आय** | ४७६९९४३६५.८७ | **कुल खर्च** | ४८२८३४२२७.०३ |
| **बाँकी मौज्दात** | | ४५४५१९५४.७४ | |

**नोटः** प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन (PAR) र अन्तिम लेखापरीक्षण प्रतिवेदन (FAR) मा जारी भएको दफाको क्रम संख्या हेरफेर हुन सक्नेछ ।